आज मिति २०८१/०९/२४ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. बालश्रममुक्त र बालविवाह मुक्त नगर घोषणा गर्ने सम्वन्धमा ।

३. न्यायिक समितिको बार्षिक प्रतिवेदन २०८१ सभा समक्ष पेश गर्ने सम्वन्धमा ।

४. बालमैत्री स्थानीय शासनयुक्त कार्यक्रमको जानकारी सम्वन्धमा ।

५. बेरुजु सम्परिक्षण सम्वन्धमा ।

६. पर्यटन सुचना केन्द्र स्थापना गर्नको लागि अनुरोध गर्ने सम्वन्धमा ।

७. पर्यटन प्रशिक्षण कार्यक्रम र पर्यटन गुरुयोजना निर्माण गर्नको लागि अनुरोध गर्ने सम्वन्धमा ।

८. बालमैत्री नगर घोषणाको दिन स्थानीय विदा दिने सम्वन्धमा ।

९. दावगरा बसपार्कका जग्गा दाताहरुको जग्गा फिर्ता गर्न पहल गर्ने सम्वन्धमा ।

१०. मेडिकल कलेज स्थापना गर्न पहल गर्ने सम्वन्धमा ।

११. धौलागिरी अस्पताललाई १०० बेडको अस्पतालमा स्तरोन्नती गर्न पहल गर्ने सम्वन्धमा ।

१२. योजनाहरुको सम्झौताको लागि समय सीमा निर्धारण गर्ने सम्वन्धमा ।

१३. सडकको नामाकरण सम्वन्धमा ।

१४. व्लुहिल पर्यटकीय गन्तव्य निर्माण योजनाको टेन्डर प्रकृया अगाडि बढाउने सम्वन्धमा ।

१५. बालमैत्री नगरपालिका घोषणाको अन्तिम प्रतिवेदन सार्वजनिक गर्ने सम्वन्धमा ।

१६. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासनयुक्त नगरघोषणा अभियान अन्तर्गत बागलुङ नगरपालिका वडा नं. १ देखी वडा नं. १४ सम्मका सम्पूर्ण वडाहरुले मिति २०८१ मंसीर ५ गते देखी पौष १८ गते सम्म बालश्रममुक्त, बालहिंसा रहित, बालविवाह निषेधित, सडक बालबालिका मुक्त वडाको साथ साथै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिसकेको हुँदा बागलुङ नगरलाई निकृष्ट

प्रकारको घरेलु कामकाजमा समेत संलग्न नभएको बालश्रममुक्त र बालविवाह मुक्त नगर घोषणा गर्ने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा न्यायिक समितिको बार्षिक प्रतिवेदन २०८१ माथि छलफल भई उक्त प्रतिवेदनलाई स्वीकृतीको लागि सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासन युक्त नगरपालिकाको सम्वन्धमा हाल सम्म भए गरेका गतिविधिहरुको बारेमा जानकारी आदान प्रदान भयो । सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशबाट अनुगमन भए पश्चात मिति २०८१ माघ ९ गते बालमैत्री युक्त नगर घोषणा गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट खटिएका लेखा परिक्षकले बागलुङ नगरपालिका कार्यालयको लेखा परिक्षण गरी उपलब्ध गराएको लेखा परिक्षण प्रतिवेदनमा नियमति गर्नुपर्ने भनि औंल्याएका बेरुजु सम्बन्धि विषयहरु अनुमोदन/फर्छ्यौट गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरक्षेत्रको पर्यटन प्रवर्धन गर्ने उद्धेश्यले बागलुङ नगरपालिकाको उपयुक्त स्थानमा पर्यटन सुचना केन्द्र स्थापना गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा पर्यटन प्रवर्धनको माध्यमबाट बागलुङ नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्धेश्यले पर्यटन प्रशिक्षण कार्यक्रम संचालन गर्न र पर्यटन गुरु योजना तयार गर्नको लागि नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष अनुरोध गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा वर्तमान जनप्रतिनिधिले पद वहाल गरेपश्चात पहिलो कार्यपालिका बैठकबाट बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने गरी गरेको निर्णय बमोजिम नगर घोषणा

गर्ने गरी तयारी भएको हुँदा बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने दिन स्थानीय बिदा दिने निर्णय गरियो ।

निणर्य नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ४ दावगरा स्थित बागलुङ बसपार्क निर्माणको लागि स्थानीय जग्गा दाताहरुले उपलब्ध गराएको जग्गा मध्ये पुर्व शर्त बमोजिम जग्गादाताहरुलाई जग्गा फिर्ता गर्नको लागि जग्गा व्यवस्थापन तथा विकास समितिलाई अनुरोध गर्ने र रजिष्ट्रेशन पास शुल्क छुटको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखरामा अनुरोध गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा बागलुङ नगरपालिकामा स्वास्थ्य क्षेत्रको विकासको लागि मेडिकल कलेज स्थापना गर्न आवश्यक देखिएको हुँदा आवश्यक अध्ययन गरी उपयुक्त क्षेत्रमा मेडिकल कलेज स्थापनाको पहल गर्न नगर उपप्रमुख श्री राजु खड्कालाई समन्वयकर्ताको भूमिका निर्वाह गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. २ स्थित धौलागिरी अस्पतालले हाल सम्म ५० बेड स्वीकृति प्राप्त गरेता पनि १०० भन्दा बढी बेड संचालन हुँदै आएको, बिरामीको चाप अत्याधिक रहेको हुँदा उक्त अस्पताललाई १०० बेड सहितको अस्पतालमा स्तरोन्नती गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको १५ औं नगरसभाबाट स्वीकृत एवं १६ औ नगरसभाबाट संशोधन भएका आन्तरीक श्रोतबाट सम्पन्न हुने सबै योजनाहरु २०८१ माघ १५ गते सम्म सम्झौता गर्ने गरी सम्झौताको अन्तीम मिति तय गर्ने निर्णय गरियो ।

निणर्य नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १२ र १३ स्थित पाक्जा, जल्केनी, पैयुपाटा, लहरेवर अमलाचौर सडकलाई गणेशमान सिंह मार्ग नामाकरण गर्ने सम्वन्धि प्रस्ताव सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निणर्य नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ९ स्थित ब्लहिल पर्यटकीय गन्तव्य निर्माण गर्ने क्षेत्रमा रुखबुट्यानहरु नभएको, रुख विरुवा कटान गर्नु पर्ने अवस्था नरहेको, वन क्षेत्रलाई क्षति हुने तथा वातावरणीय असर पुग्ने अवस्था नभएको र समुदायलाई समेत तत्काल आर्थिक उपार्जनका अवसरहरु सृजना हुने तथा पर्यटन प्रवर्धनमा महत्वपूर्ण योगदान सावित हुने भएकोले बागलुङ नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको बा.न.पा. वडा नं. ९ स्थीत व्लुहिल पर्यटकीय गन्तव्य निर्माण योजनाको टेन्डर प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा बालमैत्री स्थानीय शासनको क्षेत्रमा गरेका कार्य र उपलब्धीहरु समेटिएको बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको अन्तिम प्रतिवेदन २०८१ लाई सार्वजनिक गर्ने निर्णय गरियो ।